आकाशवाणी समाचार

20-12-25

मुख्य समाचार

- परिधान र वस्त्र उद्योग आर्थिक विकासको महत्वपूर्ण स्तम्भ रहेको उपराष्ट्रपतिको भनाई
- प्रधानमन्त्रीले पश्चिम बंगालको नदिया जिलमा तीन हजार दुई सय करोड़ रिपयाँको राष्ट्रीय राजमार्ग परियोजनाहरूको गर्नुभयो शिलान्यास र उद्घाटन
- इलेक्ट्रोनिकी र सूचना प्रौद्योगिकी मन्त्रीले वर्तमान वित्त वर्षको शुरुको आठ महीनामा इलेक्ट्रोनिक निर्यात एकतिस अरब डलर सम्म पुगेको दिनुभयो जानकारी अनि ,
- भारतीय रिजर्व ब्याङ्कले ब्याङ्कहरूका लागि जोखिम-आधारित जमा बीमा ढाँचालाई दियो स्विकृति

**33-उपराष्ट्रपति- ए.पी.ई.सी. पुरस्कार**

उपराष्ट्रपति सी.पी. राधाकृष्णनले भन्नुभएकोछ, परिधान र वस्त्र उद्योग आर्थिक विकासको महत्वपूर्ण स्तम्भ हो। आज नयाँ दिल्लीमा परिधान निर्यात सम्वर्धन परिषदको पुरस्कार वितरण समारोहको अवसरमा उहाँले भन्नुभयो, भारत, विश्वको छैटौ सबैभन्दा ठूलो वस्त्र निर्यातक हो। यसले वस्त्र उद्योगमा भारतको महत्वपूर्ण प्रगतिलाई दर्शाउँछ। पुरस्कार विजेताहरूलाई शुभकामना दिँदै उपराष्ट्रपतिले उनीहरूको लगन र कड़ा मेहनतको सराहना गर्नुभयो । उहाँले भन्नुभयो, कपड़ा उद्योग देशमा कृषि क्षेत्र पछि दोस्रो सबैभन्दा ठूलो रोजगार प्रदाता उद्योग हो। उपराष्ट्रपतिले कपड़ा उदद्योग संग जोड़ीएका मानिस र संस्थालाई पर्यावरण अनुकूल र कम भन्दा कम अपशिष्ट पदार्थको निष्पादन भएको तकनीकको प्रयोग गर्ने आग्रह गर्नुभयो ।

**31 संशो प्रधानमंत्री - पश्चिम बंगाल**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज पश्चिम बंगालको नदिया जिलमा तीन हजार दुई सय करोड़ रिपयाँको राष्ट्रीय राजमार्ग परियोजनाहरूको शिलान्यास र उद्घाटन गर्नुभयो । श्री मोदीको हेलिकप्टर र कम दृश्यताका कारण नदिया जिलाको राणाघाटमा ताहिरपुरमा उत्रीन सकेन, त्यसैले उहाँले भर्चुअल माध्यमले जनसभालाई सम्बोधन गर्नुभयो । यस अवसरमा श्री मोदीले भन्नुभयो, उहाँको सरकारले पश्चिम बंगालको क्षेत्रमा सम्पर्क बढाउने लगातार प्रयास गरिरहेको छ , जसको धेरै लामो समयदेखि उपेक्षा गरिरहिएको थियो

**36. प्रधानमंत्री-असम दौरा**

प्रधानमन्त्री नरेन्द्र मोदी दुई दिने असम यात्रामा आज गुवाहाटी पुग्नुभयो अनि आसामको गुवाहाटीमा **लोकप्रिय गोपीनाथ बारदोलोई अन्तरराष्ट्रीय हवाई अड्डाको** टर्मिनल भवनको उद्घाटन गर्नुभयो । उहाँले हवाई अड्डा बाहिर असमका प्रथम **मुख्यमन्त्री गोपीनाथ बरदोलोई**-को अस्सी फुटको प्रतिमाको पनि अनावरण गर्नुभयो ।गुवाहाटीमा एउटा जनसभामा प्रधानमन्त्रीले भन्नुभयो, आज असमको विकासमा एउटा नयाँ अध्याय जोड़ीदैछ र यो असम सहित पूरा पूर्वोत्तर क्षेत्रको विकासको उत्सव हो। श्री मोदीले भन्नुभयो , भारतीय जनता पार्टीको डबल इन्जन सरकारको नेतृत्वमा असमको विकास, विशाल ब्रह्मपुत्र नदी जस्तो निरन्तर प्रवाहित भइरहेकोछ ।

श्री मोदीले भन्नुभयो, असम र पूर्वोत्तर क्षेत्रको विकास कहिले पनि कंग्रेसको एजेण्डाको भाग थिएन । यस अवसरमा असमका मुख्यमन्त्री हिमन्त बिस्व सरमाले भन्नुभयो, हवाई अड्डाको टर्मिनलको उद्घाटन एउटा ऐतिहासिक कदम हो। श्री सरमाले भन्नुभयो, यो हवाईअड्डाले पूरा पूर्वोत्तर क्षेत्रमा

आवाजाही, पर्यटन और आर्थिक विकासलाई नयाँ गति प्रदान गर्नेछ। उहाँले लगभग पन्द्रह हजार छ सय करोड़ रुपियाँको परियोजनाहरूको लोकार्पण र शिलान्यास गर्नुहुनेछ।

**जयशंकर - दीक्षांत समारोह**

विदेश मन्त्री डा. एस. जयशंकरले भन्नुभयो, विश्वमा आर्थिक र राजनीतिक व्यवस्थामा एउटा ठूलो परिवर्तन आएकोछ, जसले गर्दा शक्ति र प्रभावका केही केन्द्र उदय हुँदैछ। पुणेमा आयोजित दीक्षान्त समारोहमा उहाँले भन्नुभयो, यस परिवर्तनका कारण देश बीच स्वाभाविक प्रतिस्पर्धा शुरू भएकोछ, जसले अन्तरराष्ट्रीय व्यवस्थामा नयाँ सन्तुलन बनेकोछ । डा. जयशंकरले भन्नुभयो, आज शक्तिको अवधारणाका विभिन्न आयाम छन् , जसमा व्यापार, ऊर्जा, सैन्य शक्ति, संसाधन, प्रौद्योगिकी र प्रतिभा शामेल छ र यसले वैश्विक परिदृश्य अझ जटिल भएको छ । विदेश मंत्रीले , भारत जस्तो विशाल अर्थव्यवस्थालाई तकनीकी रूपले प्रतिस्पर्धी बनीरहनका लागि बलियो र आधुनिक विनिर्माण क्षमताहरू विकसित गर्नु पर्ने बारे जोड दिनुभयो।

**वैष्णव इलेक्ट्रॉनिक्स**

इलेक्ट्रोनिकी र सूचना प्रौद्योगिकी मन्त्री अश्विनी वैष्णवले जानकारी दिनुभयो, वर्तमान वित्त वर्षको शुरुको आठ महीनामा इलेक्ट्रोनिक निर्यात एकतिस अरब डलर सम्म पुगेकोछ । सोशल मीडियामा एउटा अंग्रेजी लेख साझा गर्दै , श्री वैष्णवले भन्नुभयो, चालू वित्त वर्षमा निर्यातको मामिलाना, इलेक्ट्रोनिक्स क्षेत्र भारतको शीर्ष तीस क्षेत्रहरूमा शामेल छ । उहाँले भन्नुभयो, इलेक्ट्रोनिकी क्षेत्र निर्यातमा पिछले वर्षको तुलनामा अठतिस प्रतिशतकोवृद्धि भएकोछ । श्री वैष्णवले यस वृद्धिले रोजगार, कौशल विकास र प्रौद्योगिकी हस्तान्तरणलाई बढ़ावा मिलिरहेको बताउनुभयो।

**46. शिवराज - पुरस्कार समारोह संबोधन**

केन्द्रीय कृषि र किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले भन्नुभयो, कृषि र किसान कल्याण विधेयक किसान र श्रमिकहरूका लागि लाभकारी छ र यो गाउँको विकास संग जोड़ीएकोछ। उहाँले आज नयाँ दिल्लीमा **चौधरी चरण सिंह पुरस्कार समारोहमा यसों भन्नुभएको हो** । श्री चौहानले भन्नुभयो, उहाँको मंत्रालयले, एउटा बलियो प्रणाली तयार गर्न सकियोस् भनेर , आगामी बजटका लागि कृषि क्षेत्र सम्बन्धी सुझाव आमन्त्रीत गरिरहेको छ।

**45. संशो आरबीआई बोर्ड-बैठक**

भारतीय रिजर्व ब्याङकले ब्याङ्कहरूका लागि जोखिम-आधारित जमा बीमा ढाँचालाई स्विकृति दिएकोछ। यस सम्बन्धमा अधिसूचना शीघ्र जारी हुनेछ र यो अगिलो वित्त वर्षदेखि प्रभावी हुनेछ। रिजर्व ब्याङ्कले अक्टूबरमा जोखिम-आधारित प्रीमियम मोडलको प्रस्ताव राखेको थियो। ब्याङ्कको केन्द्रीय बोर्डले हैदराबादमा आयोजित बैठकमा वैश्विक र घरेलू आर्थिक स्थिति तथा चुनौतीहरूमा चर्चा गर्यो। बोर्डले दुई हजार चौबिस पचिसमा भारतमा ब्याङ्किङ्ग-को रुझान र प्रगतिको रिपोर्टको **मसौदा**-मा पनि चर्चा गर्यो।

**टी-20 विश्वकप - टीम घोषणा-1600-1700**

आगामी टी-20 विश्वकप र न्यूज़ीलयाण्ड टी-20 श्रृंखलाका लागि पन्द्रह सदस्यीय भारतीय टीमको घोषणा गरिएको छ। **सूर्यकुमार यादव** टीमका कप्तान र **अक्षर पटेल** उप- कप्तान हुनुहुनेछ। रिङ्कू सिंह र ईशान किशन टीम संग फेरि जोडिनुभएको छ भने, शुभमन गिल र जितेश शर्मालाई टोलीमा स्थान मिलेको छैन । न्यूज़ीलयाण्डका साथ टी-20 श्रृंखला एकाइस जनवरी देखी हुँदैछ अनि टी-20 विश्वकपको आयोजना सात फरवरी सम्म हुनेछ।

**३४-मौसम**

मौसम विभागले आगामी चार दिनसम्म पश्चिमी हिमालयी क्षेत्रमा हिमपात हुने अनुमान व्यक्त गरेको छ। जम्मु-कश्मीर र लद्दाखका केही स्थानमा भोलि धेरै हिमपात हुनसक्ने सम्भावना छ। दिल्ली, उत्तराखण्ड, हरियाणा, चण्डीगढ, पश्चिमी उत्तर प्रदेश, मध्य प्रदेशका उत्तरी भाग र बिहारमा भोलि बिहानसम्म घना कुहिरो बस्नसक्ने सम्भावना छ। तेलङ्गाना र कर्नाटकका भित्री भागमा पनि आज जाडोले असर पर्ने अनुमान छ। राष्ट्रिय राजधानी दिल्ली र वरिपरि क्षेत्रहरूको वायु गुणस्तर अत्यन्तै खराब श्रेणीमा कायम छ। आज दिउँसो एक बजे ए.क्यूर.आई तिन सय छयानब्बै दर्ता गरिएको छ।

**मुख्य समाचार फेरि एक पल्ट**

- परिधान र वस्त्र उद्योग आर्थिक विकासको महत्वपूर्ण स्तम्भ रहेको उपराष्ट्रपतिको भनाई
- प्रधानमन्त्रीले पश्चिम बंगालको नदिया जिलमा तीन हजार दुई सय करोड़ रिपयाँको राष्ट्रीय राजमार्ग परियोजनाहरूको गर्नुभयो शिलान्यास र उद्घाटन
- इलेक्ट्रोनिकी र सूचना प्रौद्योगिकी मन्त्रीले वर्तमान वित्त वर्षको शुरुको आठ महीनामा इलेक्ट्रोनिक निर्यात एकतिस अरब डलर सम्म पुगेको दिनुभयो जानकारी अनि ,
- भारतीय रिजर्व ब्याङकले ब्याङ्कहरूका लागि जोखिम-आधारित जमा बीमा ढाँचालाई दियो स्विकृति